# यात्रुबाहक बस दुर्घटना सम्बन्धमा गठित छानबिन समितिको प्रतिवेदन,

## २०७६

मितिः२०७६/०८/३० गते ।

# विषयसूची

## खण्ड - एक

### प्रारम्भिक


| | | |
|---|---|---|
| १.१ | समितिको गठन | १ |
| १.२ | समितिको कार्यादेश | १ |
| १.३ | समितिको कार्यावधि | १ |
| १.४ | कार्यारम्भ | २ |
| १.५ | छानविनको विधि | २ |
| १.६ | छानबिनको सीमा | २ |
| १.७ | समितिको कार्यमा संलग्न जनशक्ति | २ |
| १.८ | प्रतिवेदनको संरचना | ३ |


## खण्ड - दुई


| | | |
|---|---|---|
| २.१ | घटना सम्बन्धी प्रारम्भिक जानकारी | ४ |
| २.२ | घटनालाई एकिन गर्ने तथ्यहरु | ७ |
| २.३ | प्रत्यक्षदर्शी तथा उद्धारकर्ताको भनाई | ७ |
| २.४ | घाईतेहरुको बयान र कागज | १५ |
| २.५ | घटनास्थल प्रकृति मुचुल्का | १८ |
| २.६ | सडक ईञ्जिनियरको प्रतिबेदन | २० |
| २.७ | घटनास्थलको स्केच | |
| २.८ | घटना सम्बन्धि फोटोग्राफ | २३ |
| २.९ | अनुसन्धानक्रममा सोधिएका प्रश्नावलीहरु | |
| २.१० | छानबिन समितीको निष्कर्ष | २४ |
| २.११ | सुझावहरु | २६ |

# खण्ड - एक

## प्रारम्भिक

### १.१ समितिको गठन

मिति २०७६।०८।११ गते दिनको अं. १६:१० बजे जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ सल्लेरी स्थित सन्धिखर्क बुटवल सडक खण्डमा सन्धिखर्कबाट बुटबलतर्फ जाँदै गरेको लु २ ख २१४८ नम्वरको बस एक्कासी बाटो बाट अन्दाजी ३०० मिटर तल खस्न गई दुर्घटना हुन जाँदा १९ जना यात्रुको मृत्यु भएको र १८ जना यात्रुको विभिन्न अस्पतालहरुमा उपचार भईरहेको भन्ने घटना सम्बन्धमा उक्त घटना के कारणले, कसरी, को कसको लापर्वाहीबाट भएको हो ? घटना सम्बन्धमा सत्य तथ्य बुझी भए गरेको प्रगति विवरण सहितको प्रतिवेदन १५ (पन्ध्र) दिन भित्र पेश गर्न मिति २०७६।०८।१३ गते बसेको सर्वपक्षीय बैठकको निर्णय अनुसार सहायक प्रमुख जिल्ला अधिकारी श्री बिष्णुराज बेल्बासेको संयोजकत्वमा गठित उक्त छानबीन समितिको स्वरुप देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| श्री बिष्णुराज बेल्बासे, सहायक प्रमुख जिल्ला अधिकारी | – संयोजक |
| श्री सुधिर कुमार झा, इञ्जिनियर, सालझण्डि ढोरपाटन सडक योजना | – सदस्य |
| श्री सुरेश सुबेदि, प्रहरी निरिक्षक, जिल्ला प्रहरी कार्यालय | – सदस्य |
| श्री जीबनारायण आचार्य, अधिकृत स्तर छैठौं, स.न.पा. | – सदस्य |
| श्री कृष्णप्रसाद आचार्य, वडा अध्यक्ष, स.न.पा. - ६ | – सदस्य |
| श्री गणेश खनाल, उपाध्यक्ष, पत्रकार महासंघ | – सदस्य |
| श्री खेमानन्द काफ्ले, प्रहरी नायव निरिक्षक, जिल्ला ट्राफिक प्रहरी कार्यालय | – सदस्य |
| श्री कमल भट्टराइ, शाखा इञ्चार्ज, पश्चिम नेपाल बस ब्यावसायी प्रा. ली. | – सदस्य |
| श्री भेष बहादुर बि. सि. ,प्रतिनिधि, देउराली यातायात प्रा. लि. | – सदस्य |

### १.२ समितिको कार्यादेश :

यस समितिलाई तोकिएको कार्यादेश देहाय बमोजिम रहेको छ।

- मिति २०७६/०८/११ गते अं. १६:१० बजे भएको घटना सम्बन्धमा घटना हुनुको कारण छानबीन गरी सत्य तथ्य पत्ता लगाउने।

- मिति २०७६/०८/११ गते भएको घटना सम्बन्धमा कसैको लापरवाही हो भने सो सम्बन्धमा निश्चित राय पेश गर्ने ।
- आगामी दिनमा यस्ता घटना नहुनका लागि अपनाउनु पर्ने सावधानी सहितको सुझाव दिने ।

## १.३ समितिको कार्यावधि

समितिको गठनको क्रममा समितिको कार्यावधि कार्य प्रारम्भ गरेको मितिले १५ (पन्ध्र) दिन तोकिएको थियो । समितिले मिति २०७६/०८/१५ गते देखि आफ्नो कार्य प्रारम्भ गरेको थियो भने घटनासँग सम्बन्धित सम्पूर्ण निकाय, पक्षहरुसँग र घटनास्थलको शुक्ष्म रुपमा अनुसन्धान गरी घटनाको विश्लेषण समेत गरेको थियो ।

## १.४ कार्यारम्भ

यस समितिलाई तोकिएको कार्य सम्पन्न गर्नाका लागि समितिले मिति २०७६।०८।१५ गते बाट नै आफ्नो कार्य प्रारम्भ गरेको थियो ।

## १.५ छानबिनको विधि

यस समितिलाई तोकिएको कार्यादेश अनुरुप घटना छानबीन तथा सुझाव संकलनका लागि देहाय बमोजिमको कार्यबिधि अवलम्बन गरेको थियो ।

- घटना बारे प्राप्त सूचना, तथ्य तथा उपलब्ध जानकारीहरुको संकलन,
- घटनास्थलको स्थलगत निरीक्षण तथा जाँच,
- प्रत्यक्षदर्शी संग घटनाको सम्बन्धमा जानकारी लिने ,
- घाईतेहरु संग छलफल तथा अन्तरक्रिया,
- संकलित तथ्यहरुको विश्लेषण,
- विश्लेषणका आधारमा निष्कर्ष ।
- समितिको स्वअध्ययन तथा प्रत्यक्षदर्शिको परामर्शमा आधारित सुझावहरु ।

## १.६ छानबिनको सीमा

- चालक तथा गाडी धनीको मृत्यु हुनु ।
- सडक मार्गमा CCTV क्यामरा नहुनु ।
- दुर्घटना स्थलमा रहेको सवारी साधन क्षत विच्छेद हुनु ।
- सिमित समय अबधि ।
- छानबिनको समयमा बर्षात हुनु ।

## १.७ समितिको कार्यमा संलग्न जनशक्ति


समितिको कार्यमा सहयोग गर्न समितिका सदस्यहरु बाहेक जिल्ला प्रहरी कार्यालय अर्घाखाँची, जिल्ला ट्राफिक प्रहरी कार्यालय,अर्घाखाँची र यातायात कार्यालय बुटवलका जनशक्ति माग गरी कार्य सम्पादन गरिएको छ।

## १.८ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई विषयगत रुपमा खण्ड खण्ड गरी दुई भागमा विभाजन गरी तयार गरिएको छ।

खण्ड-१ मा समितिको गठन, कार्यादेश, कार्याविधि, छानबिनको विधि, सीमा लगायतका प्रारम्भिक विषयहरु उल्लेख गरिएको छ।

खण्ड-२ मा जिल्ला अर्घाखँची सन्धिखर्क नगरपालिका वडा न. ६ सल्लेरी स्थित रातामाटामा भएको दुर्घटनासँग सम्बन्धित घाईतेहरुको घटना विवरण कागज, स्थानिय प्रत्यक्षदर्शी, उद्धारमा खटिएका सुरक्षाकर्मी तथा अर्घाखाँची अस्पतालका मेडिकल अधिकृत, सरोकार वाला निकायका प्रतिनिधि लगायत अन्य सँग लिइएको घटना विवरण कागज, समितिका सदस्यहरुको समय समयमा गरेको घटनास्थलको शुक्ष्म अवलोकन गरी समितिले निकालेको निष्कर्ष र सुझावहरु समेटिएको छ।



## खण्ड - दुई

मिति २०७६/०८/११ गते अं. १६:१० बजेको समयमा जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ सल्लेरी स्थित रातामाटामा सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको लु २ ख २१४८ नं. को यात्रुवांहक बस एक्कासि बाटो बाट खस्न गई दुर्घटना हुँदा १९ जना यात्रुको मृत्यु भएको र १८ जना यात्रु घाईते भएको सम्वन्धमा गठित छानबीन समितिको प्रतिवेदन।

### २.१ घटना सम्बन्धी प्रारम्भिक जानकारीः

मिति २०७६/०८/११ गते अं. १६:१० बजेको समयमा जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ सल्लेरी स्थित रातामाटामा सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको लु २ ख २१४८ नं. को बस एक्कासि बाटो बाट अं. ३०० मिटर तल खस्न गई दुर्घटना हुँदा १९ जना यात्रुको मृत्यु भएको र १८ जना यात्रु घाईते भएको सम्बन्धमा तत्काल सोही सडकमा गुडिरहेका अन्य सवारी साधनहरुले दुर्घटना स्थलबाट नजिकै रहेको प्रहरी चौकी नरपानीका चौकी ईन्चार्ज प्र.स.नि सुर्य प्रसाद पन्थीलाई सुचना दिएपश्चात निज प्र.स.नि. ले तालुक जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा फोन मार्फत जानकारी गराइ थप जनशक्ती माग भएकोमा प्रमुख जिल्ला अधिकारी सहित सेनानी, प्रहरी नायब उपरिक्षक, सशस्त्र प्रहरी नायब उपरिक्षक समेत थप जनशक्ती र उद्दार सामाग्रीसाथ तत्काल ३० मिनेट भित्र घटनास्थलमा गई उद्दार लगायतको सम्पुर्ण कार्य पुरा गरिएको थियो।

### २.१.१ घटना विवरण :

मिति २०७६।०८।११ गते अं.१६:१० बजेको समयमा जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ सल्लेरी स्थित सन्धिखर्क-बुटवल सडक खण्डमा सन्धिखर्कबाट बुटवल तर्फ जादै गरेको लु २ ख २१४८ नं. को बस एक्कासि बाटो बाट अं.३०० मिटर तल खस्न गई दुर्घटना भएको भन्ने खबर प्राप्त हुन साथ जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीबाट प्रहरी नायव उपरीक्षक प्रकाश बिष्टको कमाण्डमा टोली खटि गएको थियो। तत् पश्चात प्रमुख जिल्ला अधिकारी सहित सेनानी, सशस्त्र प्रहरी नायब उपरिक्षक समेत थप जनशक्ती र उद्दार सामाग्रीसाथ तत्काल ३० मिनेट भित्र घटनास्थलमा गई उद्दार लगायतको कार्य गरिएको थियो। उक्त स्थान सदरमुकाम सन्धिखर्कबाट अन्दाजी १५ कि.मि. दक्षिण पर्ने, मृतक र घाईतेहरुको विवरण निम्नानुसार उल्लेख गरिएको छ।

### २.१.१.१ मृतकहरुको बिबरण :

१ जिल्ला अर्घाखाँची स.न.पा. ७ डिहिडाडा बस्ने अं.वर्ष ५६ को शिवलाल भट्टराई।

२ जिल्ला अर्घाखाँची स.न.पा. ७ डिहिडाडा बस्ने अं.वर्ष १८ कि माया पुरी।

३ जिल्ला कपिलवस्तु वाणगंगा न.पा. ७ बनगाई बस्ने ३ महिनाको बालक सोभाखर पोख्रेल।

४ जिल्ला अर्घाखाँची स.न.पा. ७ डिहिडाडा बस्ने अं.वर्ष ५४ को बलराम भट्टराई।

५ जिल्ला कपिलवस्तु बाणगंगा न.पा. ८ चपरगाउँ बस्ने वर्ष २७ कि सिता बस्नेत ।

६ जिल्ला अर्घाखाँची भु.न.पा. ९ बस्ने ठुलोडेवा बस्ने वर्ष २२ को शैलेस थापा।

७ जिल्ला अर्घाखाँची भु.न.पा. १० बस्ने वर्ष ५४ को छवीलाल गैरे।

८ जिल्ला गुल्मी मदाने गा.पा. २ घर भई हाल जिल्ला रुपन्देही भैरहवा गैडहा ७ बस्ने ३२ को बसन्त भन्ने ओम बहादुर थापा (चालक)।

९ जिल्ला अर्घाखाँची सितगंगा न.पा. वडा नं.२ बस्ने अं. वर्ष ३८ को सन्त बहादुर बस्नेत (सवारी धनी)

१० जिल्ला अर्घाखाँची स.न.पा. ७ वस्ने वर्ष अं.९ कि मोनिका खड्का।

११ जिल्ला गुल्मी धुर्कोट गा.पा.२ बस्ने वर्ष २७ को सशस्त्र प्रहरी जवान राज कुमार महत।

१२ जिल्ला अर्घाखाँची स.न.पा.२ बस्ने वर्ष ५९ कि सिता कुमारी सार्की नेपाली।

१३ जिल्ला अर्घाखाँची भु.न.पा.९ बस्ने वर्ष ५० कि सिता घिमिरे।

१४ जिल्ला अर्घाखाँची भु.न.पा.९ बस्ने वर्ष ५० कि विष्णु माया गैरे।

१५ जिल्ला अर्घाखाँची भु.न.पा.७ बस्ने वर्ष ५१ को मेघनाथ जैसी भण्डारी।

१६ जिल्ला अर्घाखाँची सितगंगा नगरपालिका १ बस्ने वर्ष १५ कि मञ्जु बि.क.।

१७ जिल्ला अर्घाखाँची छत्रदेव गा.पा.वडा न .८ बस्ने वर्ष ४२ को कृष्ण बहादुर सुनार।

१८ जिल्ला अर्घाखाँची सितगंगा न.पा. वडा नं. ७ कल्लेरी बस्ने वर्ष ४८ को लोक बहादुर दर्जी।

१९ जिल्ला अर्घाखाँची सितगंगा न.पा. वडा नं. ७ कल्लेरी बस्ने वर्ष ५५ को हरी बहादुर दर्जी।

### २.१.१.२ उपचारार्थ घाईतेहरू :

१. जिल्ला अर्घाखाँची भु.न.पा.९ डेवा बस्ने वर्ष २५ को जिवन बि.क., अवस्था- समान्य।

२. जिल्ला अर्घाखाँची स.न.पा. ५ वाङला बस्ने वर्ष ३७ को हुम बहादुर अधिकारी, ढाडमा र वाया गालामा चोट, अवस्था- मध्ययम।

३. जिल्ला अर्घाखाँची. सन्धिखर्क न.पा – ४ वस्ने वर्ष २३ को सरस्वती भट्टराई दाया खुट्टा फ्याक्चर, टाउकोमा चोट, अवस्था-मध्यम सुधार भई रहेको ।

४. जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका बस्ने वर्ष ३ वर्षको स्पर्ष पोखरेल – टाउकोमा चोट, अवस्था-सुधार।

५. जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका बस्ने वर्ष २४ कि विमला पोखरेल, ढाड र कानमा चोट, अवस्था – मध्यम।

६. जिल्ला अर्घाखाँची स.न.पा.२ बस्ने वर्ष २५ कि अमृता पौडेल, टाउकोमा चोट, अवस्था – सिरियस।

७. जिल्ला अर्घाखाँची स.न.पा.८ बस्ने वर्ष ३२ को कमल मुखिया , अवस्था- सिरियस।

८. जिल्ला अर्घाखाँची पाणिनी गाउँपालिका वडा नं.७ बस्ने वर्ष ४१ को कृष्ण बि.क., चिउडो र ढाडमा चोट- अवस्था – सिरियस।

### २.१.१.३ डिस्चार्ज भएका घाईते हरु

१ जिल्ला अर्घाखाँची स.न.पा. १ बस्ने वर्ष ३ कि एन्जल भट्टराई।

२ जिल्ला अर्घाखाँची छत्रदेव गाउँपालिका वडा नं. ७ बस्ने वर्ष १९ को लोकनाथ पाण्डे।

३ जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं.६ खाँचीकोट बस्ने वर्ष १ को गणेश पुरी।

४ जिल्ला अर्घाखाँची स.न.पा.५ वाङला बस्ने वर्ष ४२ को विष्णु बहादुर अधिकारी।

५ जिल्ला दाङ राप्ति गा.पा.९ बस्ने बर्ष ३३ को प्रशान्त सुबेदी, टाउकोमा चोट

६ जिल्ला अर्घाखाँची स.न.पा. ६ बस्ने वर्ष ३ को रिजन कुँवर, खुट्टा र टाउकोमा चोट, अवस्था – मध्यम।

७ जिल्ला अर्घाखाँची स.न.पा. ६ बस्ने वर्ष २३ कि सपना कुँवर, गर्धन र टाउकोमा चोट, अवस्था- मध्यम।

८ जिल्ला अर्घाखाँची पाणिनी गाउँपालिका वडा नं.७ बस्ने वर्ष ३५ को विष्णु बि.क., दाहिने खुट्टा भाचिएको, दाहिने गालामा चोट, मध्यम।

९ जिल्ला अर्घाखाँची सन्धिखर्क न.पा – ४ वस्ने वर्ष १५ को अंकीत थापा, टाउकोमा चोट, अवस्था- सुधार।

१० जिल्ला अर्घाखाँची स.न.पा. बस्ने १ बस्ने वर्ष ६०/६५ को नन्द बहादुर बि.क.- अनुहार र टाउकोमा चोट, अवस्था फोक्सोमा समस्या

## २.१.२ छानबिन समिति सम्वन्धमा :

मिति २०७६/०८/११ गते अं. १६:१० बजेको समयमा जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ सल्लेरी स्थित रातामाटामा सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको लु २ ख २१४८ नं. को बस एक्कासि बाटो बाट अं. ३०० मिटर तल खस्न गई दुर्घटना हुँदा १९ जना यात्रुको मृत्यु भएको र १८ जना यात्रु घाईते भएको घटना सम्बन्धमा उक्त घटना के कारणले, कसरी, को कसको लापर्बाहीबाट भएको हो ? घटना सम्बन्धमा सत्य तथ्य बुझी भए गरेको प्रगति विवरण सहितको प्रतिवेदन १५ (पन्ध्र) दिन भित्र पेश गर्न मिति २०७६।०८।१३ गते बसेको

सर्वपक्षीय बैठकको निर्णय अनुसार सहायक प्रमुख जिल्ला अधिकारी श्री बिष्णुराज बेल्बासेको संयोजकत्वमा गठित उक्त छानबीन समितिले आफ्नो कार्य प्रारम्भ गरे पश्चात देहायका विषयमा यथार्थ सूचना एवं विवरण संकलन गर्नुका साथै घटनास्थलको शुक्ष्म अबलोकन , अध्ययन र विश्लेषण गर्ने कार्य गरेको छ ।

### २.१.३ सूचना / तथ्याङ्कको स्रोत :

यस छानबिनका क्रममा मुख्यतया प्राथमिक तथ्याङ्कको प्रयोग गरिएको छ भने कतिपय सूचना तथा तथ्याङ्कहरु द्धितीय तथ्याङ्कको रुपमा जिल्ला प्रहरी कार्यालयबाट गठित समितिको बयान र प्रतिवेदनबाट समेत लिइएको छ ।

### २.२ घटना एकिन गर्ने तथ्यहरु :

छानबिन समितिको स्थलगत अध्ययनको क्रममा संकलित निम्न तथ्यहरुको आधारमा मिति २०७६/०८/११ गते दिनको १६:१० बजेको समयमा जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ सल्लेरी स्थित रातामाटामा सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको लु २ ख २१४८ नं. को बस एक्कासि बाटो बाट अं. ३०० मिटर तल खस्न गई दुर्घटना हुँदा १९ जना यात्रुको मृत्यु भएको र १८ जना यात्रु घाईते भएका भन्ने कुरा एकिन हुन आएको छ ।

- समितिका सदस्य तथा सालझण्डि ढोरपाटन सडक योजनाका इञ्जिनियरले पेश गरेको प्रतिबेदन ।
- जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीले तयार पारेको घटनास्थलको स्केच ।
- जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले तयार पारेको घटनास्थल प्रकृति मुचुल्का ।
- गाडिको मेकानिकल चेकजाँचको प्रतिवेदन ।
- चालकले चिया नास्ता खाएको होटल साहुको भनाई ।
- घुम्तिका सर्वसाधारण र पसले सँगको कुराकानी ।
- घटनामा तत्काल उद्दारमा खटिएका प्रहरी चौकी नरपानीका चौकी ईन्चार्जको बयान ।
- उद्दारकर्ताहरुको घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा गरेको कागजहरु ।
- घटनास्थलको घटनास्थल प्रकृति मुचुल्का, रेखाचित्रण र फोटोग्राफी समेत ।
- घाईतेहरुको बयान र कागज ।

## २.३ घटना भएको तत्काल थाहा पाउने, उद्दारकर्ता, बिशेषज्ञसँगको घटना सम्बन्धी कुराकानी:

### २.३.१ प्रहरी चौकी नरपानीका चौकी ईन्चार्ज प्रसनि सुर्य प्रसाद पन्थीको घटना सम्बन्धी कुराकानी :

म हाल प्रहरी सहायक निरीक्षक पदमा जिल्ला प्रहरी कार्यालय मातहतमा रहेको प्रहरी चौकी नरपानीमा चौकी ईन्चार्जको रुपमा मिति २०७६।०५।१२ गतेदेखी कामकार्बाही गर्दै आएको छु । म ईन्चार्ज रहेको चौकीको वडा एरिया अन्तरगत घुम्ती देखी नरपानी सम्म सडकको घुम्ती सुधार कार्यमा Hard Rock Cutting को काम भईरहेको छ । जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको मिति २०७६।०८।०८ गतेको निर्णय अनुसार हरेक दिन बिहान ०७:०० बजेदेखी ११:०० बजेसम्म र दिनको १३:०० बजेदेखी १६:०० बजे सम्म बाटो बन्द गराई सडक चौडा पार्ने काम भईरहेको छ । सडक चौडा पार्ने काममा सवारी रोक्न तथा कुनै अप्रिय घटना हुन गर्न नदिनको लागी म सँधै जसो सो एरियामा जाने गर्दछु । मिति २०७६।०८।११ गते दिनको १६:०० बजेको समयमा सडक बिस्तारको काम रोकी सडक सुचारु गराई सन्धीखर्कबाट आउने गाडीलाई पहिला छाडी म मेरो अफिसको मोटरसाईकलमा अफिस तर्फ जाँदै गर्दा नरपानी बजार नपुग्दै बस दुर्घटना भयो भन्ने खबर प्राप्त भयो । सो सुचना प्राप्त हुना साथ म पुन सोही स्थानमा गई हेर्दा सडकको छेउको भाग केही धसिएको र बस सडक बाट अं. ३०० मिटर तल खोल्सामा खसी नदेखिएको र सो बस खसेको भिरमा कोही रोई कराई रहेको देखी तत्काल तालुक जिल्ला प्रहरी कार्यालयमा जानकारी गराई म सँग रहेका ट्राफिक प्रहरी जवान समेतले उक्त भिरमा गई उद्दार कार्य गरेका थियौ । सोही समयमा स्थानिय समेत आई उद्दार गरेका थिए । केही समय पश्चात जिल्ला प्रहरी कार्यालयबाट कार्यालय प्रमुख समेतको टोली दुर्घटना स्थलमा आई थप उद्दार गरि घाईतेको बिभिन्न अस्पतालमा पठाईएको र घटनास्थलमा मृत्यु भएका १७ जनाको लाश उक्त भिरबाट माथी सुरक्षित साथ निकाली जनप्रतिनिधिको रोहवरमा लाश जाँच मुचुल्का समेतको कार्य सम्पन्न गरी लाश पोष्टमार्टमको लागि सन्धिखर्क अस्पतालमा पठाई म मेरो अफिस तर्फ फर्केको हुँ । उद्दार गरी उपचारको लागी अर्घाखाँची अस्पताल पठाईएकोमा बुटबल तर्फ रिफर भएको र प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा उपचाररत रहेका १ जना घाईतेको सोही दिन मृत्यु भएको र अन्य १ जनाको चौराहा हस्पिटल प्रा.लि. बुटबलमा उपचारको क्रममा मृत्यु भएको सुनी थाहा पाएको हुँ । उक्त बस सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको, बाटो हल्का उकालो, घुम्ती रहेको र बाटो बिस्तारको कारणले केही समय रोकिनु परेकोले गाडी समयमै पुर्याउनको लागी चालकले केही छिटो कुँदाउँदा घुम्ती पार गर्नासाथ गाडीलाई चालकले नियन्त्रणमा राख्न नसकी विपरित लेन तर्फ गाडी गई सडकको दाहिने तर्फ रहेको भिरमा पल्टी दुर्घटना भएको हुनु पर्दछ भनि कागज टाईप गर्न लगाई सहिछाप गरी दिएको ठिक साँचो हो ।

### २.३.२ जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष कृष्ण बहादुर आचार्यको घटना सम्बन्धी जिल्ला प्रहरीमा गरेको कागज:

म सन्धीखर्क नगरपालिका वडा नं. ६ नरपानीमा रहेको मेरो घरमा बस्दै आएको छु । मिति २०७४।०३।१४ गते भएको स्थानिय निकायको निर्वाचनमा ऐ. वडा नं . ६ को वडा अध्यक्ष पदमा निर्वाचित भई वडा अध्यक्षको जिम्मेवारी वहन गर्दै आईरहेको छु । मिति २०७६।०८।११ गते म मेरो वडाको काममा सन्धिखर्क नगरपालिकाको कार्यालय सन्धीखर्कमा आएको थिए । सोही दिन सन्धीखर्क नगरपालिकाको कार्यालयमा काम गर्दै गरेको समयमा दिनको अं: १६:१० बजे जिल्ला अर्घाखाँची सन्धीखर्क नगरपालिका वडा नं. ६ सल्लेरी स्थित रातामाटा भन्ने स्थानमा सन्धिखर्क बुटवल सडक खण्डमा सन्धिखर्कबाट बुटवलतर्फ जाँदै गरेको लु २ ख २१४८ नं. को बस एक्कासि बाटो बाट अं. ३०० मिटर तल खस्न गई दुर्घटना भएको भन्ने खबर प्राप्त हुनासाथ म मेरो वडा कार्यालयको मोटरसाईकलमा सो दुर्घटना स्थल तर्फ गएको थिए । दुर्घटना स्थलमा पुग्दा १६:४० बजेको थियो । घटनास्थलमा नेपाल प्रहरी र स्थानियले घाईतेको उद्दार गरीरहेका थिए । घटनास्थलमा बस सडकबाट अं. ३०० मिटर तल खसी क्षत विक्षत अवस्थामा बसका बिभिन्न पाटपुर्जाहरु भिरमा छरिएर रहेको तथा यात्रुहरु भिरमा यत्रतत्र रहेको अबस्थामा उद्दार भईरहेको थियो । घटनास्थलमा पुग्नासाथ म समेत उद्दारमा खटिई घाईते भएका २० जनालाई उपचारको लागी अर्घाखाँची हस्पिटल, प्राथमिक स्वास्थ्य केन्द्र ठाडा र बुटवल तर्फ पठाईएकोमा सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा १ जनाको र चौराहा हस्पिटल प्रा.लि. बुटबलमा १ जनाको उपचारको क्रममा मृत्यु भएको सुनी थाहा पाएको थिए । घटनास्थलमा मृत्यु भएका १७ जनाको शव नेपाल प्रहरी, नेपाली सेना, ससस्त्र प्रहरी बल र स्थानिय समेतले उक्त शवहरुलाई भिरबाट सुरक्षित साथ माथी सडकमा निकाली म समेतको रोहवरमा लाश जाँच मुचुल्का समेतको कार्य सम्पन्न गरी लाशलाई पोष्टमार्टमको लागी अर्घाखाँची अस्पताल तर्फ पठाईएको थियो । अन्य घाईते १८ जनाको बुटवल तर्फ पठाईएकोमा हालसम्म ३ जनाको डिस्चार्ज भएको भनि प्रहरी मार्फत थाहा पाएको छु । उक्त घटना रहेको सडक खण्ड म अध्यक्ष रहेको वडा अन्तरगतमा रहेको तथा साँगुरो घुमाउरो बाटो रहेको कारण पटक पटक साना तथा ठुला गाडीहरु दुर्घटना हुने गर्दछन् । उक्त सडक खण्ड अन्तरगत नरपानी घुम्ति सडक खण्डमा बाटो बिस्तारको काम भईरहेकोले हरेक बिहान ०७:०० बजे देखी ११:०० बजे सम्म र दिउसो १३:०० बजेदेखी १६:०० बजेसम्म बाटो बन्द गरी सडक बिस्तारको काम भईरहेको छ । उक्त बस सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको, बाटो हल्का उकालो रहेको र बाटो बिस्तारको कारणले केही समय रोकिनु परेकोले गाडी समयमै पुर्याउनको लागी केही छिटो कुँदाउँदा घुम्ती पार गर्नासाथ दुर्घटना भएको हुँदा चालकले उक्त घुम्ति पार गर्नासाथ बसको गतिलाई नियन्त्रणमा राख्न नसकी विपरीत लेनतर्फ बसलाई लगी बस सडकबाट तल खसी दुर्घटना भएको हुनु पर्दछ भनि कागज टाईप गर्न लगाई सहिछाप गरी दिएको ठिक साँचो हो ।

### २.३.३ उद्दारकर्ता कमल बञ्जाडेको घटना सम्बन्धी जिल्ला प्रहरीमा गरेको कागज:

मेरो जिल्ला अर्घाखाँची पाणिनी गाउँपालिका वडा नं. ३ धायरचौर मा रहेको छ । म विगत १ बर्ष देखी सगुन कन्स्ट्रक्सन प्रा.ली. मा काम गर्दै आईरहेको छु । मैले काम गर्ने कन्स्ट्रक्सनले रमन सगरमाथा जे.भि. कन्स्ट्रक्सनको काम जिम्मा लिएको र घुम्ती नरपानी सडक विस्तार गर्ने जिम्मा अनुसार म सो सडक खण्डमा सुपरभाईजरको रुपमा काम गर्दै आईरहेको छु । उक्त सडक खण्ड हरेक बिहान ०७:०० बजे देखी ११:०० बजे सम्म र दिउसो १३:०० बजेदेखी १६:०० बजेसम्म बाटो बन्द गरी सडक बिस्तारको काम भईरहेको छ र सो काम हुने समयमा म सोही सडकमै रही काम हेर्ने गर्दछु । मिति २०७६।०८।११ गते दिनको काम १६:०० बजे बन्द गरी जे.सि.भि. र स्काभेटरलाई साईड लगाई बसिरहेको अवस्थामा अं. १० मिनेटमा बस पल्टी दुर्घटना भयो भन्ने खबर प्राप्त भयो । उक्त खबरं प्राप्त हुनासाथ म सडक बिस्तारमा काम गर्ने अन्य समेत पैदल जाँदै गर्दा अं. ३०० मिटर पर नरपानी तर्फको सडकमा बस सडकबाट पल्टी अं. ३०० मिटर तल खसेको थाहा पायौ । घटनास्थलमा पुग्दा दिनको अं. १६.२० बजेको थियो । भिरमा घाईतेहरु कराईरहेका थिए । घटनास्थलमा प्रहरी चौकी नरपानीका प्रहरी र स्थानियहरु र उक्त स्थानमा रोकिएका यात्रुबाहक सवारी साधनका यात्रुहरुले उद्दार गरिरहेका थिए । म समेत गएका साथिहरुले भिरमा गई उद्दार गर्दै गरेको अवस्थामा थप नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बल, नेपाल समेत आई उद्दार गरिएको थियो । घटनास्थलमा उद्दारको क्रममा घाईते भएका २० जनालाई उपचारको लागी अर्घाखाँची हस्पिटल, प्राथमिक स्वास्थ्य केन्द्र ठाडा र बुटवल तर्फ पठाईएकोमा सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा १ जनाको र चौराहा हस्पिटल प्रा.लि. बुटबलमा १ जनाको उपचारको क्रममा मृत्यु भएको सुनि थाहा पाएको थिए । घटनास्थलमा मृत्यु भएका १७ जनाको शव नेपाल प्रहरी, नेपाली सेना, ससस्त्र प्रहरी बल, नेपाल, स्थानिय र म समेतले उक्त शवहरुलाई भिरबाट सुरक्षित साथ माथी सडकमा निकाली स्थानिय जनप्रतिनिधिको रोहवरमा लाश जाँच मुचुल्का समेतको कार्य सम्पन्न गरी लाशहरुलाई पोष्टमार्टमको लागी अर्घाखाँची अस्पताल तर्फ पठाईएको थियो । अन्य घाईते १८ जनाको बुटवल तर्फ पठाईएकोमा हालसम्म ३ जनाको डिस्चार्ज भएको भनि प्रहरी मार्फत थाहा पाएको छु । उक्त बस सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको, बाटो हल्का उकालो रहेको र बाटो बिस्तारको कारणले केही समय रोकिनु परेकोले गाडी समयमै पुर्याउनको लागी केही छिटो कुँदाउँदा घुम्तीमा बसको स्टेरीङ काट्न नसकी फरक लेनमा गई बस सडकबाट तल खसी दुर्घटना भएको हुनु पर्दछ भनि जिल्ला प्रहरी कार्यालयमा गरेको कागज ।

### २.३.४ स.न.पा. ६ घुम्ती घर भई तत्काल उद्दारमा खटिनु भएका रमेश खड्काको घटना सम्बन्धी कागज:

म जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ घुम्तीमा रहेको घरमा बस्दै आईरहेको छु । मिति २०७४।०३।१४ गतेको स्थानिय निकायको निर्वाचनमा ऐ. वडाको वडा सदस्य पदमा निर्वाचित भई वडा सदस्यको रुपमा काम गर्दै आईरहेको छु । उक्त सडक खण्ड अन्तरगत नरपानी घुम्ति सडक खण्डमा बाटो बिस्तारको काम भईरहेकोले हरेक बिहान ०७:०० बजे देखी ११:०० बजे सम्म र दिउसो १३:०० बजेदेखी

१६:०० बजेसम्म बाटो बन्द गरी सडक बिस्तारको काम भईरहेको छ । मिति २०७६।०८।११ गते म घुम्तीमा रहेको मेरो कपडा पसलमा बसिरहेको समयमा दिनको १४:३० बजे सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको लु २ ख २१४८ नं. को बस घुम्तीमा आई मेरो पसल नजिक रोकेको थियो । सडक अबरुद्द रहेको कारण उक्त गाडी घुम्तीमा केही समय रोकेको थियो । उक्त गाडी बसन्त भन्ने ओम बहादुर थापाले चलाएका थिए । घुम्तीमा गाडी रोकी यात्रु चढाउने क्रममा मोनिका खड्का, माया पुरी, सपना कुँवर, रिजन कुँवर, कृष्ण वि.क. र बिष्णु बि.क. सोही बसमा चढेका थिए । बसमा चढ्ने सबै ६ जना स्थानिय मानिसहरु भएको कारण म राम्रो सँग चिन्दछु । उक्त बस केही समय रोकी १५:१० बजेको समयमा घुम्तीबाट बुटबल तर्फ गएको थियो । बस गएको केही समय पश्चात बस खसेको भनि खबर थाहा पाई तत्काल मेरो मोटरसाईकलमा उक्त घटनास्थलतर्फ जाँदा रातामाटा भन्ने स्थानमा बस खसेको र उक्त स्थानमा प्रहरी र स्थानियहरुले उद्दार गरीरहेका थिए । उक्त स्थानमा गई हेर्दा बस सडक देखी अं. ३०० मिटर तल क्षत विक्षत अवस्थामा रहेको र घाईते र मृतकहरु भिरमा यत्रतत्र छरिएको अवस्थामा रहेको थियो । म समेत उद्दार गरिरहेको अवस्थामा थप नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बल समेत आई उद्दार गरिएको थियो । घटनास्थलमा उद्दारको क्रममा घाईते भएका २० जनालाई उपचारको लागी अर्घाखाँची अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र ठाडा र बुटवल तर्फ पठाईएकोमा सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा १ जनाको र चौराहा हस्पिटल प्रा.लि. बुटबलमा १ जनाको उपचारको क्रममा मृत्यु भएको सुनी थाहा पाएको थिए । घटनास्थलमा मृत्यु भएका १७ जनाको शव नेपाल प्रहरी, नेपाली सेना, ससस्त्र प्रहरी बल, स्थानिय र म समेतले उक्त शवहरुलाई भिरबाट सुरक्षित साथ माथी सडकमा निकाली स्थानिय जनप्रतिनिधिको रोहवरमा लाश जाँच मुचुल्का समेतको कार्य सम्पन्न गरी लाशलाई पोष्टमार्टमको लागी अर्घाखाँची अस्पताल तर्फ पठाईएको थियो । अन्य घाईते १८ जनाको बुटवल तर्फ पठाईएकोमा हालसम्म ३ जनाको डिस्चार्ज भएको भनि प्रहरी मार्फत थाहा पाएको छु । उक्त बस सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको, बाटो हल्का उकालो रहेको र बाटो बिस्तारको कारणले केही समय रोकिनु परेकोले गाडी समयमै पुर्याउनको लागी छिटो कुँदाउँदा घुम्ती पार गर्नासाथ दुर्घटना भएको हुँदा चालकले उक्त घुम्ति पार गर्नासाथ बसको गतिलाई नियन्त्रणमा राख्न नसकी विपरीत लेनतर्फ बसलाई लगि बस सडकबाट तल खसी दुर्घटना भएको हुनु पर्दछ भनि जिल्ला प्रहरी कार्यालयमा गरेको कागज ।

### २.३.५ पश्चिम नेपाल बस व्यावसायी प्रा.ली. अर्घाखाँची शाखा प्रमुख कमल प्रसाद भट्टराई को भनाई :-

म जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ८ मा स्थायी बसोबास गरी पश्चिम नेपाल बस ब्यावसायी प्रा.ली. सन्धिखर्कको शाखा प्रमुखको रुपमा विगत २८ बर्ष देखी कार्यरत रहँदै आएको छु । म बिषेश गरी पश्चिम नेपाल बस ब्याबसायी प्रा.ली.को निर्देशन अनुसार बस बुकिङ र दुर्घटना हेर्ने कामहरु गर्दै आईरहेको छु । म शाखा प्रमुखको रुपमा समय-समयमा बसहरुको निरीक्षण गर्ने, चालकहरुको चेकजाँच समेत गर्ने गर्दछु । मिति २०७६।०८।११ गते म पश्चिम नेपाल बस व्यावसायी प्रा.ली. को सन्धीखर्क स्थित बगैँचामा रहेको टिकट काउन्टरमा बसि अन्य कर्मचारीले टिकट काटेको हेर्ने र छुट्ने सवारी साधनलाई समयमै पठाउने काम गरिरहेको

थिए। सोही दिन १३:१५ बजे लु २ ख २१४८ नम्बरको बस बसपार्कबाट यात्रु लिन बगैँचामा आई केही समय रोकी राखेको थियो। उक्त दिन लु २ ख २१४८ नम्बरको बस १३:३० बजे बगैँचाबाट छुट्नुपर्ने हुँदा जम्मा ८ ( आठ ) जना यात्रुले टिकट काटेका र टिकट काट्ने मध्ये बिष्णु अधिकारीको नाममा २ जनाको टिकट काटेको, बिमला पोखेलको नाममा २ जनाको टिकट काटेको, जिबन बि.क.को नाममा २ जनाको टिकट काटेको, प्रशान्त सुवेदी र मेघराज भण्डारीले गरी आठ जनाको टिकट काटेकोमा विमला पोखेलको साथमा ३ महिनाको एक जना बच्चा र २ बर्षको बच्चा रहेको थियो र बच्चाहरुको नाममा कुनै टिकट काटेको थिएन। बगैँचाबाट बसमा चढ्दा यात्रु संख्या बच्चा सहित १० (दस) रहेको र चालक बसन्त भन्ने ओम बहादुर थापा र बस धनी सन्त बहादुर बस्नेत गरी जम्मा १२ (बाह) जना चढी बस १३:३० बजेको समयमा सन्धीखर्क बगैँचाबाट बुटबलको लागी छुटेको थियो। मिति २०७६।०८।११ गते सन्धिखर्कबाट बुटबल तर्फ जाने बसमा जम्मा टिकट काटेका ८ जना र दुई जना बच्चा रहेको र चालक र गाडी धनि सहित जम्मा १२ जना पठाएकोमा बाटोमा थप यात्रु हाली सिट संख्या भन्दा केही बढी बच्चा समेत ३७ जना सवार रहेको कुरा दुर्घटना पश्चात थाहा पाए। बसलाई पठाई सकेर अन्य बसको लागी बुकीङ गरिरहेको समयमा अं. १५:५० बजेको समयमा १५:०० बजेको समयमा बगैँचाबाट छुटेको बसको सह-चालकले सँगै रहेका सहकर्मी हुमनाथ पौडेललाई फोन गरी लु २ ख २१४८ नं. को बस नरपानी नजिक पहिला कार खसेको ठाउँमा खस्यो भनी जानकारी गराए। जानकारी गराए पश्चात हामी दुई जना ट्याक्सी लिई घटनास्थल तर्फ लाग्यौ। ट्याक्सीमा घटनास्थलतर्फ जाँदै गर्दा फोन मार्फत सहकर्मी गोविन्द भुषाललाई सन्धिखर्क अस्पतालमा घाईतेहरुको ऊपचारको व्यावस्था मिलाउन भनि फोन गरे साथै प्रधान कार्यालय बुटबलको दुर्घटना निरीक्षक सुरेश न्यौपानेलाई दुर्घटना बारे जानकारी गराएँ र बुटबलतर्फ उपचारको लागी पठाईएका घाईतेहरुको उपचारको व्यावस्था मिलाउनु हुन भनि उक्त प्रा.लि. का अध्यक्ष सँग फोन मार्फत अनुरोध गरे। दुर्घटना स्थलमा पुग्दा १६:३० बजेको थियो। घटनास्थलमा नेपाल प्रहरी र स्थानियहरुले घाईतेको उद्दार गरीरहेका थिए। घटनास्थलमा बस सडकबाट अं. ३०० मिटर तल खसी क्षत विक्षत अवस्थामा बसका बिभिन्न पाटपुर्जाहरु भिरमा छरिएर रहेको तथा यात्रुहरु भिरमा यत्रतत्र छरिएर रहेको अबस्थामा उद्दार भईरहेको थियो। घटनास्थलमा पुग्नासाथ म समेत उद्दारमा खटिई घाईते भएका २० जनालाई उपचारको लागी अर्घाखाँची अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र ठाडा र बुटवल तर्फ पठाईएकोमा सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा १ जनाको र चौराहा हस्पिटल प्रा.लि. बुटबलमा १ जनाको उपचारको क्रममा मृत्यु भएको सुनी थाहा पाएको थिए। घटनास्थलमा मृत्यु भएका १७ जनाको शव नेपाल प्रहरी, नेपाली सेना, ससस्त्र प्रहरी बल र स्थानिय समेतले उक्त शवहरुलाई भिरबाट सुरक्षित साथ माथी सडकमा निकाली जनप्रतिनिधी र स्थानियहरु समेतको रोहवरमा लाश जाँच मुचुल्का समेतको कार्य सम्पन्न गरी लाशलाई पोष्टमार्टमको लागी अर्गाखाँची अस्पताल तर्फ पठाईएको थियो। अर्घाखाँची अस्पतालमा आईसकेपछी अस्पतालमा जिल्लाका माननीय सांसदहरु, डाक्टर, सुरक्षा निकायका प्रमुख र जनप्रतिनिधी सँग बसी घाईतेहरुको यकिन गरी उपचार र मृतकको पोष्टमार्टमको व्यावस्था सम्बन्धी छलफलमा सहभागी भए। अन्य घाईते १८ जना बुटवल तर्फ पठाईएकोमा हालसम्म ४ जनाको डिस्चार्ज

भएको र घाईते भएका प्रशान्त सुबेदीलाई बि.एण्ड बि हस्पिटल प्रा.ली, कमल मुखियालाई ग्राण्डी हस्पिटल प्रा.ली. र अमृता पौडेललाई नयाँ मेडिकल कलेज चितवन भरतपुरमा थप उपचारको लागी पठाएको जानकारी पाएको छु । युनिभर्सल मेडिकल कलेज भैरहवामा ९ जनाको उपचार भईरहेको र चौराहा हस्पिटल प्रा.ली. मा २ जनाको उपचार भईरहेको छ । उक्त सडक खण्ड अन्तरगत नरपानी घुम्ती सडक खण्डमा बाटो बिस्तारको काम भईरहेकोले हरेक बिहान ०७:०० बजे देखी ११:०० बजे सम्म र दिउसो १३:०० बजेदेखी १६:०० बजेसम्म बाटो बन्द गरी सडक बिस्तारको काम भईरहेको छ । उक्त बस सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको, बाटो हल्का उकालो रहेको र बाटो बिस्तारको कारणले केही समय बाटोमा रोकिनु परेको थियो । उक्त दुर्घटना भएको स्थान घुम्ती पार गर्नासाथ भएको र हल्का उकालो समेत रहेको कारणले चालकले गाडीको स्टेरिङ घुम्ती पार गर्नासाथ गाडीको वायाँतर्फ काट्नुपर्नेमा वायाँ तर्फ नकाटी गाडी केही सोझो भई पुन: दाहीने तर्फ कटी विपरीत लेनतर्फ गई खसी दुर्घटना भएको हुनु पर्दछ भनी जिल्ला प्रहरी कार्यालयमा गरेको कागज ।

## २.३.६ पश्चिम नेपाल बस व्यावसायी प्रा. ली अर्घाखाँची काउण्टरमा टिकट काट्ने हुम नाथ पौडेलको भनाई :-

म अर्घाखाँची पाणिनी गाउँपालिका वडा नं. ६ घर भई हाल सन्धिखर्क नगरपालिका वडा नं. १ मा स्थायी बसोबास गरी पश्चिम नेपाल बस ब्यावसायी प्रा.ली. सन्धिखर्क कार्यालय शाखा सहायकको रुपमा विगत ८ बर्ष देखी कार्यरत रहँदै आएको छु । म बिशेष गरी सन्धिखर्क स्थित बगैंचामा रहेको टिकट काउन्टरमा बसी टिकट काट्ने, चलानी बनाउने र समयमा गाडी छुटाउने काम गर्दछु । मिति २०७६।०८।११ गते म पश्चिम नेपाल बस व्यावसायी प्रा.ली. को सन्धीखर्क स्थित बगैंचामा रहेको टिकट काउन्टरमा बसि टिकट काट्ने र चलानी दिने काम गरिरहेको थिए । सोही दिन १३:१५ बजे लु २ ख २१४८ नम्बरको बस बसपार्कबाट विना यात्रु बगैंचामा आई केही समय रोकी राखेको थियो । मैले उक्त बसको लागी यात्रुहरुको टिकट काटीरहेको थिए । उक्त बस १३:३० बजे बगैंचाबाट छुट्नुपर्ने हुँदा जम्मा ८ ( आठ ) जना यात्रुले टिकट काटेका र टिकट काट्ने मध्ये बिष्णु अधिकारीको नाममा २ जनाको टिकट काटेको, बिमला पोख्रेलको नाममा २ जनाको टिकट काटेको, जिबन बि.क.को नाममा २ जनाको टिकट काटेको, प्रशान्त सुवेदी र मेघराज भण्डारीले गरी आठ जनाको टिकट काटेकोमा विमला पोख्रेलको साथमा ३ महिनाको र २ बर्षको गरि दुई जना बच्चा रहेको थियो र बच्चाहरुको नाममा कुनै टिकट काटेको थिएन । बगैंचाबाट बसमा चढ्दा यात्रु संख्या बच्चा सहित १० (दस) रहेको र चालक बसन्त भन्ने ओम बहादुर थापा र बस धनि सन्त बहादुर बस्नेत गरी जम्मा १२ (बाह्र) जना चढी बस १३:३० बजेको समयमा सन्धीखर्क बगैंचाबाट बुटबलको लागी छुटेको थियो । उक्त बसमा टिकट काटेका यात्रुको चलानी विवरणको प्रतिलिपी समेत यसै साथ पेश गरेको छु । बसलाई पठाईसकेर १४:१५, १५:००, १५:३० बजेको बसहरुको लागी टिकट काट्ने र बसहरुलाई पठाउने काम गरिरहेको समयमा अं. १५:५० बजेको समयमा १५:०० बजे बगैंचाबाट छुटेको बसको सह-चालकले मेरो ९८५७०२७५७३ नं. मा फोन गरी लु २ ख २१४८ नं.

को बस नरपानी नजिक पहिला कार खसेको ठाउँमा खस्यो भनी जानकारी गराए। जानकारी हुनासाथ काउन्टरमा रहेको घर्रा बन्द गरी एउटा ट्याक्सीमा कमल प्रसाद भट्टराई सँगै घटनास्थलतर्फ गए। ट्याक्सिमा जाँदै गर्दा फोन मार्फत अन्य साथिहरुलाई उद्दार गर्न जाउँ भनि फोन गराईयो। दुर्घटना स्थलमा पुग्दा १६:३० बजेको थियो। घटनास्थलमा नेपाल प्रहरी र स्थानियले घाईतेको उद्दार गरीरहेका थिए। घटनास्थलमा बस सडकबाट अं. ३०० मिटर तल खसी क्षत विक्षत अवस्थामा बसका बिभिन्न पाटपुर्जाहरु भिरमा छरिएर रहेको तथा यात्रुहरु भिरमा यत्रतत्र रहेको अबस्थामा उद्दार भईरहेको थियो। घटनास्थलमा पुग्नासाथ म समेत उद्दारमा खटिई घाईते भएका २० जनालाई उपचारको लागी अर्घाखाँची हस्पिटल, प्राथमिक स्वास्थ्य केन्द्र ठाडा र बुटवल तर्फ पठाईएकोमा सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा १ जनाको र चौराहा हस्पिटल प्रा.लि. बुटबलमा १ जनाको उपचारको क्रममा मृत्यु भएको सुनी थाहा पाएको थिए। घटनास्थलमा मृत्यु भएका १७ जनाको शव नेपाल प्रहरी, नेपाली सेना, ससस्त्र प्रहरी बल र स्थानिय समेतले उक्त शवहरुलाई भिरबाट सुरक्षित साथ माथी सडकमा निकाली जनप्रतिनिधी र स्थानियहरु समेतको रोहवरमा लाश जाँच मुचुल्का समेतको कार्य सम्पन्न गरी लाशलाई पोष्टमार्टमको लागी सन्धिखर्क अस्पताल तर्फ पठाईएको थियो। अन्य घाईते १८ जनाको बुटवल तर्फ पठाईएकोमा हालसम्म ४ जनाको डिस्चार्ज भएको भनि प्रहरी मार्फत थाहा पाएको छु। उक्त सडक खण्ड अन्तरगत नरपानी घुम्ती सडक खण्डमा बाटो बिस्तारको काम भईरहेकोले हरेक बिहान ०७:०० बजे देखी ११:०० बजे सम्म र दिउसो १३:०० बजेदेखी १६:०० बजेसम्म बाटो बन्द गरी सडक बिस्तारको काम भईरहेको छ। उक्त बस सन्धिखर्कबाट बुटबल तर्फ जाँदै गरेको, बाटो हल्का उकालो रहेको र बाटो बिस्तारको कारणले केही समय बाटोमा रोकिनु परेको थियो। उक्त दुर्घटना भएको स्थान घुम्ती पार गर्नासाथ भएको र हल्ला उकालो समेत रहेको कारणले चालकले घुम्ती पार गर्नासाथ गाडीको स्टेरिङ गाडीको वायाँतर्फ काट्नुपर्नेमा वायाँ तर्फ नकाटी गाडी केही सोझो भई पुन: दाहिने तर्फ कटी विपरीत लेनतर्फ गई खसी दुर्घटना भएको हुँदा दुर्घटनाको कारण यकिन साथ भन्न सकिंन भनि जिल्ला प्रहरी कार्यालयमा गरेको कागज।

## २.३.७ अर्घाखाँची अस्पतालका मेडिकल अधिकृत डा. उमेश जयसवालको भनाई :-

म जिल्ला कपिलवस्तु तौलिहवा नगरपालिका वडा नं. २ मा घर भई विगत २ बर्ष देखी अर्घाखाँची अस्पतालमा मेडिकल अधिकृतको रुपमा काम गर्दै आईरहेको छु। मिति २०७६।०८।११ गते ओ.पि.डि. सकेर रुमतर्फ जान लाग्दा अं. १५:५० बजेको समयमा नरपानी नजिक गाडी दुर्घटना भयो र धेरै यात्रुहरु घाईते हुनसक्ने भनी हस्पिटलमा कार्यरत प्रहरी हवल्दार तिलक विष्ट मार्फत जानकारी पाए। जानकारी पाए लगत्तै अस्पतालको आकस्मिक कक्षमा सबै मेडिकल अधिकृतहरुको टिम बसिरहेका थियौ। त्यसपछी आबश्यक प्राथमिक उपचारमा सामाग्री साथ चार जनाको मेडिकल टिम घटनास्थल तर्फ गयौ। घटनास्थलमा पुग्दा अं. १७:१५ बजेको थियो। घटनास्थलमा पुग्दा सम्पुर्ण घाईतेहरुको उद्दार भई उपचारको लागी विभिन्न अस्पतालहरुमा पठाईएको र घटनास्थलमा मृत्यु भएका यात्रुहरुको भिरबाट निकाल्ने कार्य भैरहेको थियो। घटनास्थलमा नेपाल प्रहरी, नेपाली

सेना, शसस्त्र प्रहरी बल र स्थानियहरुले उद्दार तथा मृतकहरुलाई माथी सडकमा ल्याउने कार्य भैरहेको थियो । घटनास्थमा मृत्यु भएका यात्रुहरुको सामान्य चेकाजाँच गर्दा मृत्यु भईसकेको र घाईतेहरुको उद्दार भई उपचारको लागी पठाईसकेको अबस्थामा केही समय घटनास्थलको अवलोकन गरी अं. २१:०० बजे पुन: अस्पतालमा फर्कियौं । मिति २०७६।०८।१२ गते म कार्यरत रहेको अस्पतालमा मृत्यु भएका १८ जनाको पोष्टमार्टमको कार्य सम्पन्न भएको थियो । घाईते भएका १८ जनाको हाल बिभिन्न अस्पतालहरुमा उपचार भईरहेको र केही डिस्चार्ज समेत भएको कुरा प्रहरी मार्फत थाहा पाएको छु । घटनास्थल हेर्दा बाटो केही घुम्ती र हल्का उकालो रहेको र बस बिपरीत लेनतर्फ गई खसेको देखिन्छ । बाटो बिस्तारको कारणले बस केही समय रोकिनु परेको हुँदा अगाडी रहेका यात्रुहरु बेंसमा चढाउनको लागी छिटो बस चलाउँदा घटनास्थल नजिक सडकमा घुम्तीमा बस नियन्त्रण राख्न नसकी चालकले विपरीत लेनतर्फ बस लगी बस खसी दुर्घटना भएको हुनु पर्दछ भनि जिल्ला प्रहरी कार्यालयमा गरेको कागज ।

### २.३.८ प्रहरी हवल्दार रितन राकस मगरको मेकानिकल चेकजाँचको प्रतिवेदन:

मिति २०७६।०८।११ गते दिउँसो चालक बसन्त भन्ने ओम बहादुर थापाले सन्धीखर्कबाट बुटवलतर्फ जानको लागी लु. २ ख.२१४८ नम्बरको बसमा यात्रुहरु राखी चलाई जाँदै गर्दा ऐ. सन्धीखर्क नगरपालिका वार्ड नं. ६ नरपानी सल्लेरी रातामाटा भन्ने स्थानमा पुग्दा ऐ. दिउँसो अं. १६:१० बजेको समयमा उक्त बस सडक देखी अं. ३०० मिटर तल खस्न गई दुर्घटना हुँदा उक्त बसमा सवार रहेका यात्रुहरु मध्ये हालसम्म १९ जनाको मृत्यु भएको तथा अन्य घाईते भएको भन्ने सवारी ज्यान मुद्धाको अनुसन्धानको क्रममा मलाई उक्त दुर्घटनाग्रस्त बसको यान्त्रिक (मेकानिकल) चेकजाँच गरि प्रतिवेदन पेश गर्नु हुन भनि खटाईएकोमा तत्काल उक्त पत्रसाथ घटनास्थलमा गई उक्त दुर्घटनाग्रस्त यात्रु बाहक बसलाई हेरी यान्त्रिक (मेकानिकल) चेकजाँच समेत गर्दा उक्त दुर्घटना स्थलको भौगोलिक अवस्था सडकको छेउ देखी भिरालो (भिर/पाखो) रहेको उक्त बस दुर्घटना भई क्षत बिच्छेद अवस्थामा रहेको, उक्त बसको टायरड, टायर, पट्टाको भाग ठिक दुरुस्त रहेको तर वडिको भाग गियर, क्लच, स्टेरिङ, एक्सिलेटर, ईन्जिन तथा अन्य भाग समेत दुर्घटनाको कारणले गर्दा क्षत बिच्छेद अवस्थामा रहेको हुँदा उक्त दुर्घटना यान्त्रिक कारणले हो वा अन्य कारणले हो स्पष्ट खुलाउन नसकेकोले सोही व्यहोराको यान्त्रिक (मेकानिकल) चेकजाँच प्रतिवेदन पेश गरेको छु । कानुन बमोजिम होस भनि प्रतिवेदन गर्ने जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा कार्यरत प्रहरी हवल्दार रितन राकस मगर (स.चा.अ.प.नं. ११-०६-००४२७४१६ ) ।

### २.४ घाईतेहरुको बयान र कागज:

### २.४.१ घाईते जिल्ला अर्घाखाँची पाणिनी गा.पा. वडा नं . ८ बस्ने वर्ष ४४ को विष्णु बि.क. को घटना सम्बन्धी बयान :

मिति २०७६।०८।११ गते म अर्घाखाँचीको घुम्ती देखि रुपन्देहीको सुनौली सम्म जाने काम भएको हुँदा सन्धिखर्कबाट बुटवल सम्म जाने लु २ ख २१४८ नं. को बसमा चढेको थिए। अलिकति माथी आए पछी बस रोकियो बसमा सवार यात्रुहरु र बस चालकले चिया नास्ता खाएका थिए त्यसपछी बसमा सबै बसी ड्राईभरले चलाएर हिडे र नरपानी प्रहरी कार्यालय आउनु भन्दा २ कि.मि. अगाडी (पहिला नै ) तिव्र गतिको कारण देव्रे साईडको नाली तिर गई पुन: दायाँ साईड काट्दा रोक्न नसकी सिधै भिरबाट खसेको भनि जिल्ला अर्घाखाँची पाणिनी गा.पा. वडा नं . ८ बस्ने वर्ष ४४ को विष्णु बि.क. ( घाईते वायाँ खुट्टा र दाहिने हात फ्याक्चर भएको ) ले दिईएको बयान।

## २.४.२ घाईते जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालीका वडा नं.६ बस्ने अंकित थापा को घटना सम्बन्धी बयान :

म सन्धिखर्क देखि नरपानी आउन भनि सन्धिखर्कबाट चढेको थिए। एक्लेभिर भन्ने ठाउँमा आउँदा आधा घण्टा बस रोकी बसमा रहेका केही मानिसहरुले चिया खाए म पनि चालक संगै उभिएर चिया खाई केही समय पछि बस हिडेको हो र अली पर घुम्तिमा आई अगाडी मोड काटी रहेको छ भने पछी एक (१) घण्टा बस रोकियो र त्यस पछि बस हिड्यो। बस चालकले म संग चिया खाएका थिए अरुले खाएको मैले देखिन। बस भित्र सबै यात्रुहरु बसेका थिए कन्डक्टरले नरपानी झर्ने अगाडी आउनुस् भने पछी म अगाडी ढोका नजिक आएको थिए। बस भन्दा अगाडी रहेको ट्रकलाई ओभर टेक गर्दा बस दुर्घटना भएको हो भनि घाईते जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालीका वडा नं.६ बस्ने अंकित थापा।

## २.४.३ घाईते जिल्ला कपिलवस्तु वाणगंगा नगरपालिका वडा नं. ७ बस्ने वर्ष २४ कि विमला पोखरेलको घटना सम्बन्धी कागज:

म सन्धिखर्क देखि कपिलवस्तुको बनगाई सम्म जान माईति घरबाट आई बस चढेका थियौ। हामी बसको ३ नं. सिटमा बसेका थियौ। घुम्तीमा १ (एक) घण्टा रोकी चिया नास्ता खायौ। त्यस पछी बस हिड्यो घटना स्थलमा हामीले केही पनि थाहा पाएनौ भनि घाईते जिल्ला कपिलवस्तु वाणगंगा नगरपालिका वडा नं. ७ बस्ने वर्ष २४ कि विमला पोखरेल र निजको बहिनी जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं.४ बस्ने वर्ष २३ कि सरस्वती भट्टराई।

## २.४.४ घाईते जिल्ला अर्घाखाँची सन्धिखर्क वडा न. ५ वाङ्ला बस्ने हुम बहादुर अधिकारीको घटना सम्बन्धी बयान:

म सन्धिखर्कबाट बुटवल जानको लागि सन्धिखर्कबाट चढेको थिए। बाटो निर्माण भएको छ भन्ने जानकारी पाए पछि घुम्तिमा एक घण्टा तिस मिनेट जति दुई ठाउँ गरी बस रोकिएको थियो म ढोका साईडको १ नं. सिटमा बसेको थिए। रोकिएको ठाउमा चालकले चिया खाएका थिए। बस त्यहाँबाट ४ बजे हिडेको थियो। ड्राईभरले स्टेरिङ अड्कियो भनेको सुन्दा सुन्दै बस खसेछ। त्यसपछी थाहा भएन भनि जिल्ला अर्घाखाँची सन्धिखर्क वडा न. ५ वाङला बस्ने हुम बहादुर अधिकारी।

## २.४.५ घाईते जिल्ला अर्घाखाँची भुमिकास्थान नगरपालीका वडा नं. ९ बस्ने वर्ष २४ को जिवन बि.क.को घटना सम्बन्धि बयानः-

म सन्धिखर्कबाट बुटवल जान उक्त बसमा चढेको थिए। घुम्तिमा आए पछि बस अगाडि बाटो खनी रहेको छ भनेपछि अलिबेर रोकियो चालकले मा.प.से. गरे नगरेको थाहा भएन बस हिडेको केही समय पछी म बसको पछाडी दाहिने साईडमा बसेको थिए कसरी दुर्घटना भयो भन्ने विषयमा केही थाहा पाईन भन्ने जिल्ला अर्घाखाँची भुमिकास्थान नगरपालीका वडा नं. ९ बस्ने वर्ष २४ को जिवन बि.क.।

## २.४.६ घाईते जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ५ तल्लाटोला बस्ने वर्ष ४२ को विष्णु बहादुर अधिकारीको घटना सम्बन्धी बयान :-

म सन्धिखर्क देखि बुटवल जानको लागि १ नं. सिटको टिकट काटि सन्धिखर्कबाट उक्त बस चढेको थिए। घुम्ती भन्ने ठाउँमा एक घण्टा रोकियो। त्यस पछि बस अगाडी बढेको थियो। अली माथी पट्टि आए पछि १ घण्टा जति रोकियो। रोक्नुको कारण अगाडी बाटो डोजरले खन्दै गरेको थाहा पाईयो। १६:०० बज्न ८/१० मिनेट बाँकी छदा बस अगाडी बढेको हो। रोकिएको स्थानमा चालकले केही नास्ता गरे नगरेको मैले देखिन। ड्राईभरको नजिक बुनोट माथी एक जना महिला बच्चा काखमा लिई बसेको थिईन। महिला संग चालकले कुराकानी गरेको सुनेको थिए डोजरले खनेको सोहोरेको एरिया कटि सकेका थियौ। सो भन्दा पहिला दुई घण्टा जति रोकेको भएर होला गाडी तिव्र गतिमै चलाएका थिए। मैले एक्कासि अगाडी हेर्दा गाडी चालक तर्फको साईडबाट बाहिर गई सकेको देखेँ त्यस पछी गाडी भर्लाङ मार्दा म बाटो देखि तल जंगलमा खसेको रहिछु। भएको सत्य तथ्य विवरण यही हो भनि जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ५ तल्लाटोला बस्ने (हाल चौराहा अस्पताल बुटवलमा उपचारमा रहनु भएका) वर्ष ४२ को विष्णु बहादुर अधिकारी फोन नं. ९८४३८८०६२३।


### २.४.७ घाईते जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालीका वडा नं. ६ घुम्ती बस्ने वर्ष २३ कि सपना कुँवरको घटना सम्बन्धी कागज:-

म घुम्तीबाट नरपानीसम्म जानु पर्ने भएको हुँदा घुम्तीबाट उक्त बसमा चढेको थिए। मेरो घर घुम्ती भएको हुँदा म गाडी चल्नासाथ चढेकी थिए। J.C.B. ले बाटो खनिरहेको ठाउँ कटि सकेपछी अलिकति पर पुग्ना साथ (म पछाडी थिएँ) कन्टेक्टरले नरपानी झर्ने जति अगाडी आउनुस् भने पछि म मेरो अढाई वर्षको छोरा लिएर अगाडी आई सकेकी थिए। ढोका नजिक उभिएकी थिए। त्यसपछी गाडी कसरी गयो भन्ने मलाई केही थाहा भएन। म अहिले बुटेंवलको राजमार्ग चौराहामा रहेको चौराहा अस्पताल प्रा.लि.को अप्रेसन पछि राखिने पोष्ट अपरेटिभ वार्डमा मेरो छोरा रिजन कुँवर समेतको वाँया खुट्टा फ्याक्चर सहित उपचारमा छु। यो भन्दा अरु मैले देखे जानेको थिईन भनि मेरो भए गरेको व्यहोरा यही भनि जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालीका वडा नं. ६ घुम्ती बस्ने वर्ष २३ कि सपना कुँवर फोन नं. ९८४७५७८६६३।

### २.५ घटनास्थल प्रकृति मुचुल्का (घटनाको सुचना पश्चात जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले तयार पारेको घटनास्थल प्रकृति मुचुल्का) :

जिल्ला अर्घाखाँची सन्धीखर्क नगरपालिका वडा नं. ६ नरपानी रातामाटा कालाखोला स्थित पुर्व र पश्चिम सन्धिखर्क घुम्ती नरपानी सडकखण्ड, उत्तर र दक्षिण ऐलानी खरिया जंगल तथा भिर पाखो यति चार किल्ला भित्र १२ फिट चौडाई भएको सन्धीखर्क घुम्ती नरपानी सडकखण्ड रहेको उक्त सडकखण्डमा रहेको रातामाटा सल्लेरी कालाखोला भन्ने स्थानमा रहेको उक्त सडकको छेउमा खोस्रिएर धसारिएको सो देखी अं. ३०० मिटर तल लु २ ख २१४८ नम्बरको बस दुर्घटना भई क्षत विच्छेद अवस्थामा रहेको, सोही सडक देखी २५० मिटर तल सोही बसको छत भाँचिएको अवस्थामा रहेको, सोही छतदेखी ५० मिटर तल सोही बसको ईन्जिन, चेचिस, चक्का लगायत बसको तलको भागको कुच्चिएको अवस्थामा रहेको, उक्त सडक देखी दुर्घटना स्थलमा रहेको बससम्मका बुट्यान, रुख, जमिन मडारिएको, सिसा फुटेका टुक्राहरु छरपस्ट अवस्थामा रहेको, घाईते तथा स्थानिय मानिसहरु विभिन्न स्थानमा रहेको, बिभिन्न स्थानमा रगत लत्पतिएको अबस्थामा रहेको, उक्त स्थानमा छरिएर रहेका बिभिन्न लाशहरुलाई सुरक्षित साथ उठाई पोष्टमार्टमको लागी पठाईएको र घाईतेहरुको उपचारको लागी बिभिन्न अस्पतालहरुमा पठाईएको भनिएको घटनास्थलको चारकिल्ला सहितको विवरण ठिक छ भन्ने घटनास्थल मुचुल्का।

## २.५.१ दुर्घटना स्थलको फोटो



फोटोमा उल्लेखित कालोपत्रे सडकको छेउमा रहेको भिरमा रुख, बुट्यान, झारहरु लछारीएको देख्न सकिन्छ । उक्त स्थानबाट मिति २०७६।०८।११ गते दिनको अं. १६:१० बजेको समयमा लु २ ख २१४८ नं. को यात्रुबहाक बस अं. ३०० मिटर तल भिरमा खसी दुर्घटना भएको ।

## २.६ सडक इञ्जिनियरले दिएको प्रतिवेदन

मिति :- २०७६-०८-२६

श्री विष्णुराज वेल्वासे
स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची
(संयोजक, छानविन समिति)

विषय :- छानविन प्रतिवेदन सम्वन्धमा ।

प्रस्तुत विषयमा मिति २०७६-०८-११ गते सन्धिखर्कवाट बुटवल तर्फ जाँदै गरेको लु.२ ख २१४८ नं. को यात्रुवाहक बस सन्धिखर्क न.पा. ६ नरपानी स्थित रातामाटामा दुर्घटना भएको सम्वन्धमा उक्त दुर्घटना के कसरी हुन् गएको हो यथार्थ कारण पत्ता लगाउन गठित छानविन समितिवाट मिति २०७६-०८-२३ गते उक्त दुर्घटना स्थल पुगी स्थलगत अनुगमन गरिएको थियो ।


गोरुसिंगे — सन्धिखर्क सडकको उक्त नरपानी खण्ड सिंगल लेन सडक रहेको छ ।उक्त दुर्घटनास्थल सडकको अनुगमन र नापजाँच गर्दा सडक चौडाई (कालोपत्रे भाग ३.६० मि. र पेटी ०.६५ मि.) ४.२५ मि. रहेको र उक्त दुर्घटना स्पोट नजिकको सडक कर्भवाट १७.०० मि. दुरीमा रहेको तथा उक्त कर्भ लगायत दुर्घटना स्पोट सडकको जियोमेत्रिक्स मिलेको पाईएको हुँदा उक्त दुर्घटना सडकको कारणले गर्दा नभएको व्यहोरा अनुरोध छ ।

०७६-८-२६

ई. सुधिर कुमार झा
ईन्जिनियर
सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, सन्धिखर्क

# २.७ जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीले तयार पारेको घटनास्थलको स्केच:

२.६ जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीले तयार परेको घटनास्थलको स्केच:



## गाडी नं. १

३८. सवारी दर्ता नम्बर: ०२।४२।१।४८

सवारी धनीको नाम र ठेगाना

तेस्रो पक्ष बीमा: १. छ २. छैन

निर्माता कम्पनी: टाटा मोटर्स

**३९. सवारीको किसिम**
१. बाइसाइकल
२. रिक्सा
३. मोटरसाइकल
४. अटोरिक्सा
५. कार
६. पिक अप
७. मिनीबस
८. बस ✓
९. ट्रक
१०. अन्य ............

**४०. सवारीको गतिविधि**
१. दायाँ घुमेको
२. बायाँ घुमेको
३. U - घुमेको
४. क्रस ट्राफिक
५. मिल्ने कार्य
६. छुट्टिने कार्य
७. उछिन्ने कार्य
८. अगाडि गुडिरहेको ✓
९. पछाडि हटाइरहेको
१०. एक्कासी स्टार्ट
११. एक्कासी रोकेको
१२. सडक बाहिर पार्क
१३. सडकमा पार्क
१४. अन्य ............

**४१. भारीको विवरण**
१. ठीक कानून मिल्दो ✓
२. बढी भारी
३. असुरक्षित भारी
४. गाडीबाट बाहिर निस्केको भारी
५. अन्य नमिल्दो भार

**४२. त्रुटीहरु**
१. छैन
२. ब्रेकहरू
३. स्टेरिङ्ग ✓
४. टायरहरू
५. बत्तीहरू
६. एक भन्दा बढी
७. अन्य ............

**४३. सवारीको क्षती**
१. क्षति नभएको
२. अगाडि
३. पछाडि
४. दायाँ तर्फ
५. बायाँ तर्फ
६. छतमा
७. एक भन्दा बढी ✓
८. अन्य: पुर्ण भपपा क्षतिग्रस्त

**४४. धनीको किसिम**
१. सरकारी
२. संस्थान
३. कूटनैतिक
४. निजी/व्यक्तिगत
५. भाडा ✓
६. प्रहरी
७. सैनिक

## चालक नं. १

चालकको नाम: प्रोम ब. थापा

चालकको ठेगाना: वाग्लुङ ... गुल्मी ... (हाल ...)

४५. चालक अनुमति नं.

४६. वितरण गर्ने कार्यालय: ग्राफिक

**४७. चालक अनुमतिको किसिम**
१. पूर्ण चालक अनुमति ✓
२. परीक्षण काल
३. अस्थायी चालक अनुमति
४. अनुमति नभएको

४८. लिङ्ग: पु ४९. उमेर: ३२

**५०. चालक घाइतेको किसिम**
१. मृत्युजनक ✓
२. गंभीर घाइते
३. साधारण घाइते
४. घाइते नभएको

**५१. चालकको गल्ती**
१. छैन
२. ध्यान नभएको
३. अति छिटो ✓
४. अति नजिक
५. संकेत नभएको
६. गलत तरिकाले उछिनेको
७. गलत घुमाइ
८. थकान/निद्रा
९. अन्य ............

**५२. रक्सी सेवन**
१. शंका नलागेको ✓
२. शंका भएको

**५३. सीटपेटी/हेल्मेट प्रयोग भएको**
१. छ
२. छैन ✓

## गाडी नं. २

३८. सवारी दर्ता नम्बर

सवारी धनीको नाम र ठेगाना

तेस्रो पक्ष बीमा: १. छ २. छैन

निर्माता कम्पनी

**३९. सवारीको किसिम**
१. बाइसाइकल
२. रिक्सा
३. मोटरसाइकल
४. अटोरिक्सा
५. कार
६. पिक अप
७. मिनीबस
८. बस
९. ट्रक
१०. अन्य ............

**४०. सवारीको गतिविधि**
१. दायाँ घुमेको
२. बायाँ घुमेको
३. U - घुमेको
४. क्रस ट्राफिक
५. मिल्ने कार्य
६. छुट्टिने कार्य
७. उछिन्ने कार्य
८. अगाडि गुडिरहेको
९. पछाडि हटाइरहेको
१०. एक्कासी स्टार्ट
११. एक्कासी रोकेको
१२. सडक बाहिर पार्क
१३. सडकमा पार्क
१४. अन्य ............

**४१. भारीको विवरण**
१. ठीक कानून मिल्दो
२. बढी भारी
३. असुरक्षित भारी
४. गाडीबाट बाहिर निस्केको भारी
५. अन्य नमिल्दो भार

**४२. त्रुटीहरु**
१. छैन
२. ब्रेकहरू
३. स्टेरिङ्ग
४. टायरहरू
५. बत्तीहरू
६. एक भन्दा बढी
७. अन्य ............

**४३. सवारीको क्षती**
१. क्षति नभएको
२. अगाडि
३. पछाडि
४. दायाँ तर्फ
५. बायाँ तर्फ
६. छतमा
७. एक भन्दा बढी
८. अन्य ............

**४४. धनीको किसिम**
१. सरकारी
२. संस्थान
३. कूटनैतिक
४. निजी/व्यक्तिगत
५. भाडा
६. प्रहरी
७. सैनिक

## चालक नं. २

चालकको नाम

चालकको ठेगाना

४५. चालक अनुमति नं.

४६. वितरण गर्ने कार्यालय

**४७. चालक अनुमतिको किसिम**
१. पूर्ण चालक अनुमति
२. परीक्षण काल
३. अस्थायी चालक अनुमति
४. अनुमति नभएको

४८. लिङ्ग ४९. उमेर

**५०. चालक घाइतेको किसिम**
१. मृत्युजनक
२. गंभीर घाइते
३. साधारण घाइते
४. घाइते नभएको

**५१. चालकको गल्ती**
१. छैन
२. ध्यान नभएको
३. अति छिटो
४. अति नजिक
५. संकेत नभएको
६. गलत तरिकाले उछिनेको
७. गलत घुमाइ
८. थकान/निद्रा
९. अन्य ............

**५२. रक्सी सेवन**
१. शंका नलागेको
२. शंका भएको

**५३. सीटपेटी/हेल्मेट प्रयोग भएको**
१. छ
२. छैन

## हताहत यात्रुहरु: पाना नं. ३ मा छन्

(सबै कोठाहरूमा तल दिइएका उत्तरहरू मध्येको उपयुक्त उत्तरको अंक भर्नुहोस्)

| नाम र ठेगाना: घाइते हरु पाना नं. ४ मा छन् | ५४. गाडी नं. | ५५. लिङ्ग | ५६. उमेर | ५७. गंभीरता | ५८. स्थिति | ५९. गतिविधि | ६०. सीट पेटी/हेलमेट |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

## हताहत बटुवाहरु

| नाम र ठेगाना | ६१. लिङ्ग | ६२. उमेर | ६३. गंभीरता | ६४. स्थान | ६५. गतिविधि | ६६. रक्सी सेवन |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

**५७/६३. घाइतेको गंभीरता**
१. मृत्यु ✓
२. गंभीर घाइते ✓
३. साधारण घाइते ✓

**५८. यात्रुको स्थिति**
१. अगाडिको सीट
२. पछाडिको सीट
३. मोटर/साइकल यात्रु
४. बस यात्रु

**५९. यात्रुको गतिविधि**
१. छैन ✓
२. चढ्दै गरेको
३. ओर्लदै गरेको
४. खसेको

**६०. सीट पेटी/हेलमेट प्रयोग**
१. छ
२. छैन ✓

**६६. रक्सी सेवन**

**६४. बाटोमा बटुवाको स्थान**
१. जेब्रा क्रसिङमा
२. जेब्रा क्रसिङको ५० मिटर भित्र
३. बीचको आश्रय/मिडियम
४. दिन ... दिस ... नाम

**६५. बटुवाको गतिविधि**
१. छैन
२. बाटो काट्दै
३. बीचमा बाटोमा हिड्दै
४. बाटो छेउ हिड्दै

पाना नं. २

**संकेत बिबरण :**

**गोरुसिङगे- सन्धिखर्क सडकको सन्धिखर्क नगरपालिका वार्ड नं. ६ कालाखोला (रातामाटा) नरपानीको जंगल खण्डको नरपानी – घुम्ति सडक खण्ड ।**

A = कालाखोला खोल्साको सडक किनारको पुर्व तर्फ रहेको एउटा मात्र खोल्साको कल्भट बार महशुर निशानी ।

B = दुर्घटना हुनु पुर्व गाडी दाहिने किनारा मोडिएको स्थान ।

C = लु २ ख २१४८ बस भिर बाट खसेको स्थान ।

DE = सडकको पुरा चौडाई १२ फिट ।

F = लु २ ख २१४८ बसको छत भएको स्थान ।

G = लु २ ख २१४८ बसको चेचिस र चक्का भएको स्थान खोल्सा ।

CF = अन्दाजी २५० मिटर पश्चिमको भिर ।


FG = छत भएको ठाउ बाट अन्दाजी ५० मिटर पश्चिम भिरको खोल्सा ।


पाना नं. ३

मृतकहरु

**१) जिल्ला गुल्मी मदाने गाउपालिका वार्ड नं. २ घर भई हाल जिल्ला रुपन्देही गैडहा २ बस्ने बर्ष अ.३२ को ओम बहादुर थापा(बसन्त) को घटनास्थलमा मृत्यु – पुरुष –चालक ।**
२) जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वार्ड नं. ७ डिहिडाडा बस्ने बर्ष १८ कि मायाँ पुरी घटनास्थल मृत्यु – महिला ।
३) जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वार्ड नं.७ बस्ने बर्ष अ.७ कि मोनिका खड्का घटना स्थलमै मृत्यु - बालिका ।
४) जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वार्ड नं. ७ डिहिडाडा बस्ने बर्ष अ. ५४ को बलराम भट्टराई घटना स्थलमै मृत्यु - पुरुष ।
५) जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वार्ड नं. ७ डिहीडाडा बस्ने बर्ष अ. ५६ को शिबलाल भट्टराई घटना स्थलमै मृत्यु - पुरुष ।
६) जिल्ला अर्घाखाँची सितगंगा नगरपालिका वार्ड नं.२ हाल जिल्ला कपिलबस्तु वाणगंगा नगरपालिका वार्ड नं. ७ बस्ने बर्ष अ.२७ कि सिता बस्नेत घटना स्थलमै मृत्यु- महिला ।
७) जिल्ला गुल्मी धुर्कोट गाउपालिका वार्ड नं. २ बस्ने बर्ष अ.२७ को राजकुमार महत(ससस्त्र प्रहरी बलमा कार्यरत) घटना स्थलमै मृत्यु – पुरुष ।
८) जिल्ला अर्घाखाँची भुमिकास्थान नगरपालिका वार्ड नं.९ ठुलोडेवा बस्ने बर्ष अ.२२ को सैलेस थापा (उपचारको क्रममा ठाडा प्राथमिक स्वास्थ्य केन्द्रमा मृत्यु)
९) जिल्ला अर्घाखाँची छत्रदेब गाउपालिका वार्ड नं. ७ घर भई हाल सितगंगा नगरपालिका वार्ड नं. २ सितापुर बस्ने बर्ष अ.३६ को सन्त बहादुर बस्नेत (लु २ ख २१४८ बस धनि उपचारको क्रममाचौराहा हस्पिटलमा मृत्यु) पुरुष ।
१०) जिल्ला कपिलबस्तु बाणगंगा नगरपलिका वार्ड नं. ७ बनगाई बस्ने अ. ३ महिनाको सोभाखेर पोखेल (बिमला पोखेलको छोरा) घटना स्थलमै मृत्यु – बालक ।
११) जिल्ला अर्घाखाँची भुमिकास्थान नगरपालिका वार्ड नं. १० बस्ने बर्ष अ. ५४ को छबिलाल गैरे घटना स्थलमै मृत्यु – पुरुष ।
१२) जिल्ला अर्घाखाँची छत्रदेव गाउपालिका वार्ड नं. ८ बस्ने बर्ष अ.४२ को कृष्ण सुनार (बराईली ) घटना स्थलमै मृत्यु – पुरुष ।
१३) जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वार्ड नं. २ कुर बस्ने बर्ष अ. ५९ कि सिता कुमारी नेपाली (सार्की ) घटना स्थलमै मृत्यु- महिला ।
१४) जिल्ला अर्घाखाँची भुमिकास्थान नगरपालिका वार्ड नं. ९ बस्ने बर्ष अ.५० कि सिता घिमिरे घटना स्थलमै मृत्यु – महिला ।
१५) जिल्ला अर्घाखाँची भुमिकास्थान नगरपालिका वार्ड नं. १० धनचौर बस्ने बर्ष अ. ५० की बिष्णु मायाँ गैरे घटना स्थलमै मृत्यु – महिला ।
१६) जिल्ला अर्घाखाँची सितगंगा नगरपालिका वार्ड नं. ७ कल्लेरी बस्ने बर्ष अ. ५५ को हरी बहादुर दर्जी घटना स्थलमै मृत्यु – पुरुष ।
१७)जिल्ला अर्घाखाँची सितगंगा नगरपालिका वार्ड नं. ७ कल्लेरी बस्ने बर्ष अ. ४८ को लोक बहादुर दर्जी घटना स्थलमै मृत्यु – पुरुष ।
१८) जिल्ला अर्घाखाँची सितगंगा नगरपालिका वार्ड नं. १ बस्ने बर्ष अ.१५ की मन्जु बि.क घटना स्थलमै मृत्यु – बालिका ।
१९) जिल्ला अर्घाखाँची भुमिकास्थान नगरपालिका वार्ड नं. ७ बस्ने बर्ष अ.५१ को मेघनाथ जैसी भण्डारी घटना स्थलमै मृत्यु – पुरुष ।

## २.८ घटनासँग सम्बन्धित फोटोग्राफ :





## २.९ अनुसन्धानको क्रममा सोधिएका प्रश्नावलीहरु

१ तपाईको नाम थर ठेगान के हो ?
२ उक्त दिन घुम्तिमा सवारी धनि र चालकले चिया नास्ता खाए वा खाएनन् ?
३ खाएका भए कस्कोमा खाए। सँगै खाए कि अलग अलग ?
४ ती दुईले कुन बिषयमा कुराकानि गरेका थिए ?
५ चालक र सवारी धनि बीच झगडा वा भनसुन भएको थियो थिएन ?
६ दुर्घटना कस्को कारणले भएको ठान्नु हुन्छ ? चालक वा सबारीधनि वा सडक वा यान्त्रिक
७ चालक सिटको नजिक को बसेको थियो ? महिला वा पुरुष
८ दुर्घटना समयमा चालकले मोवाइल प्रयोग गरेका थिए ?
९ सन्धिखर्कबाट दुर्घटना स्थलसम्म चालक एउटै थियो वा फरक ? फरक भए दुर्घटना हुने समयमा कसले चलाएको थियो ?
१० बसको गति कति थियो ? धेरै वा थोरै
११ चालकको यात्रु सँगको ब्यवहार कस्तो थियो ? रिसाउने वा सहयोगि वा असहयोगि वा हसिलो
१२ बसमा कुनै अनौठो आवाज आएको थियो कि ?
१३ बाटोमा बिग्रिएर वनाउन रोकिएको थियो कि ?
१४ दुर्घटना समयमा कुनै सवारी पास भएको थियो कि ?
१५ चालकले कुनै औषधि सेवन गरेका थिए ? भए कुन औषधि ?
१६ चालकलाइ तलवमा चित्त बुझेको थियो कि थिएन ?
१७ यस पूर्व बस कहिले मर्मत गरिएको थियो ?
१८ पहिला बसमा समस्या देखिएको थियो कि थिएन ?
१९ बुटवल कति समय पुग्नु पर्ने बाध्यता थियो ?
२० टाइम कार्ड सिस्टम थियो कि थिएन ?
२१ त्यो बसको चालक को थिए?
२२ कमल मुखिया कुन बसका चालक थिए ?
२३ कमल र बसन्तको लाइसेन्स थियो वा थिएन ?
२४ स्टेरिङ्ग नकट्ने कारण के के हुन ?
२५ नयाँ गाडीमा स्टेरिङ्ग नकट्ने संभावना कति हुन्छ ?
२६ सडकको कारणले दुर्घटना भएको होला ?
२७ तपाईंको विचारमा के कारणले दुर्घटना भएको होला ?

२९०. **निष्कर्ष:**

छानबिन समितिलाई तोकिएको कार्यादेश बमोजिम घटना हुनुको कारण सम्बन्धमा छानबिन गरी सत्य तथ्य व्यहोरा निष्कर्षका रुपमा प्रस्तुत गर्ने सन्दर्भमा छानविन समितिले मिति २०७६।०८।१५ गते जिम्मेवारी पाए पश्चात घटना घटेको स्थान जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ सल्लेरी रातामाटा भन्ने स्थानको स्थलगत निरीक्षण गरेको थियो । विभिन्न अस्पतालमा उपचारार्थ रहेका घाईतेहरुको अस्पत्ताल पुगि घटना र उपचारका बारेमा जानकारी लिनुका साथै केही घाईतेहरुको जिल्ला प्रहरी कार्यालयबाट घटना सम्बन्धी कागज समेत गर्ने कार्य सम्पन्न भएको छ । त्यसै गरि सडकका इञ्जिनियरले दुर्घटना स्थलको अवलोकन पश्चात बाटोको मापदण्ड नापजाँच गरि बाटोका कारण दुर्घटना नभएको भनि दिएको प्रतिवेदन, जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीले तयार पारेको घटनास्थलको स्केच, जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले तयार पारेको घटनास्थल प्रकृति मुचुल्का, मेकानिकल चेकजाँचको प्रतिवेदन, चालकले चिया नास्ता खाएको होटल साहुको भनाई, २८ वटा प्रश्नावलीबाट प्राप्त सूचना एवं जानकारी, घटना सम्बन्धी तत्काल थाहा पाउने नरपानी प्रहरी चौकी ईन्चार्ज सूर्यप्रसाद पन्थी, उक्त वडाका वडा अध्यक्षसँग समेत जानकारी लिने कार्य सम्पन्न गरी तत्काल उद्दारमा खटिनु भएका अर्घाखाँची अस्पतालका मेडिकल अधिकृत लगायत घाईतेको उद्दारमा खटिएका स्थानियहरुको समेत घटनाका सम्बन्धमा जाने बुझेका कुराहरु खुलाई यथार्थ बिवरण लिने कार्य सम्पन्न गरेको छ ।

प्रहरी चौकी नरपानीका ईन्चार्ज प्रहरी सहायक निरीक्षकले घटनास्थल हेर्दा हल्का चढाई सहितको मोडमा तिव्र गतिको कारण चालकले गाडी नियन्त्रणमा राख्न नसकि दुर्घटना भएको हुनसक्ने बताएका, सोही वडाका वडा अध्यक्ष कृष्णबहादुर आचार्यले उक्त दुर्घटना चालकले मोडमा गाडीको गतिलाई नियन्त्रण गर्न नसकी भएको हुनु पर्दछ भन्ने भनाई साथै सो एरियामा बाटो सुधारको काममा सुपरभाईजरको रुपमा काम गरिरहेका कमल बञ्जाडे र सोही वडाका वडा सदस्य रमेश खड्काले समेत चालकले तिव्र गतिमा चलाउँदा गाडी नियन्त्रण बाहिर गई दुर्घटना भएको हुनु पर्दछ भन्ने भनाई साथै पश्चिम नेपाल बस व्याबसायी प्रा.ली अर्घाखाँची शाखाका शाखा प्रमुख कमलप्रसाद भट्टराई, शाखा सहायक हुमनाथ पौडेलले उक्त दुर्घटना मोडमा गाडीको स्टेरिङ नकटी भएको हुनु पर्दछ भन्ने भनाई, त्यसैगरी उद्दारमा प्राथमिक उपचार सामाग्री सहित पुगेका अर्घाखाँची अस्पतालका डा. उमेश जयसवालले समेत मोडमा चालकले गाडी नियन्त्रण गर्न नसक्दा विपरित लेनतर्फ गई भिरबाट खसेको हुनु पर्दछ भन्ने भनाई र प्रहरी हवल्दार तिलन राकशा मगरले गाडीको टाईरड, टायर र पट्टाको भाग दुरुस्त रहेको र अन्य भाग दुर्घटना भई चेकजाँच गर्न नमिल्ने अवस्थामा रहेको भनि पेश गरेको प्रतिवेदन ।

घाईते बिष्णु बि.क. र बिष्णु अधिकारीले बस तिव्र गतिको कारण देब्रे साईडको नाली तिर गई पुन: दायाँ साईड काट्दा रोक्न नसकी सिधै भिरबाट खसेको भनि जिल्ला प्रहरीमा गरेको कागज, अर्को घाईते अंकित थापाले बस भन्दा अगाडी रोकेको ट्रकलाई ओभर टेक गर्दा बस दुर्घटना भएको हो भनि गरिदिएको कागज, घाईते बिष्णु

अधिकारीका अनुसार महिला संग चालकले कुराकानी गर्दै आएका थिएँ । दुई घण्टा जति रोकेको भएर होला गाडी तिव्र गतिमै चलाएका थिए । अर्का घाईते हुमबहादुर अधिकारीले ड्राईभरले स्टेरिङ अड्कियो भनेको सुन्दा सुन्दै बस खसेको भनि उल्लेख गरिदिएको बयान, प्रश्नावलिबाट प्राप्त सूचना अनुसार घुम्तिबाट अर्को ड्राईभरले चलाएका थिए (जसले नम्वर लिनका लागि बुटवल जाँदै गरेका थिए) उनि हतारमा थिए । चालकले बचाउन हदै सम्म प्रयास गरेका थिए तर गाडीमा प्राविधिक समस्या आएर दुर्घटना हुन गयो । एक्कासि गाडि कुना तर्फ गयो नालीमा पर्ला जस्तो भए पछि चालक आत्तिए र हतपत पुरा स्टेरिङ्ग दाँया काटे तर बाँया नकाट्दै गाडी बाटो मुनि हुत्तियो । किनेको दुइ बर्ष मात्र भएकोले नयाँ थियो तसर्थ यान्त्रिक कारण नहुन सक्छ । तिव्र गतिमा गएको थियो स्टेरिङ्ग काट्न भ्याएनन् । टाइराइड खुस्किने कारण पुरानो भएर खिइएर हो तर नयाँ गाडी भएकोले टाइराइडमा समस्या नहुन सक्छ यदि समस्या आए हल्लिन्छ र थाहा हुन्छ भन्ने अन्य चालकको भनाई रहेको पाइयो । सडक इञ्जिनियरले उक्त सडकको जियोमेट्रिक्स मिलेको देखिएकोले दुर्घटना सडकका कारण नभएको भन्ने प्रतिवेदन । यसैगरी दुर्घटनाको सन्दर्भमा सत्य तथ्य छानबिन गर्ने क्रममा छानबिन समितिले उद्दारकर्ता प्रहरी, जनप्रतिनिधि, स्थानियबासि, मेडिकल अधिकृत, मेकानिकल चेकजाँच प्रतिवेदन, अस्पतालहरुमा उपचारार्थ रहेका घाईतेहरुको कागज, घटनास्थलको स्थलगत सुक्ष्म निरीक्षण गरी सो को आधारमा दुर्घटनाको कारण पहिचान गर्ने प्रयास गरेको छ ।

छानविन समितिले समग्र पक्षको अध्ययन, बिश्लेषण तथा दुर्घटनास्थलको शुक्ष्म रुपमा स्थलगत अवलोकन गरी सरोकारवाला व्यक्ति तथा निकायहरुसँग समेत बुझि हालसम्म खुल्न आएका तथ्यहरुबाट घुम्ती देखी नरपानी सडक खण्ड केही उकालो, ओरालो, घुमाउरो र साँघुरो बाटो रहेकोले उक्त सडक खण्डको घुम्तीहरुमा मोड सुधार लगायतको काम मिति २०७६।०८।१० गते बाट प्रत्येक दिन बिहान ०७:०० बजे देखी ११:०० बजे सम्म र दिनको १३:०० बजेदेखी १६:०० बजे सम्म बाटो बन्द गरी सडक सुधारको कार्य संचालन भईरहेको देखिन्छ । मिति २०७६।०८।११ गते सन्धिखर्कबाट १३:३० बजे चालक सहित १२ जना यात्रु लिई बुटबल तर्फ हिडेको लु. २ ख २१४८ नम्बरको बसले बिभिन्न स्थानहरुमा यात्रुहरु चढाउँदै गएको देखिन्छ । केहि समय पहिला ३२ सिटेलाइ डिलक्स मापदण्डको बनाएर २६ सिटेमा झारिएको पाइयो । ओभर सिटेड भए पनि ओभर लोड भने नभएको पाइयो । बाटो बन्द रहेकोले उक्त बस घुम्ती भन्ने स्थानमा खाजा नास्ता गर्न रोकेको र बाटो खुले पश्चात हिडेको देखिन्छ । सडकको मोड कटान भईरहेका कारण केही समय रोकिनु परेकोले समयको दवाव रहेको र अगाडिका यात्रुलाइ भेट्ने प्रयास गर्दा चालकले हतार गर्दै उक्त बस तिव्र गतिमा चलाएको पाइयो । दुर्घटना स्थल सल्लेरी रातामाटा भन्ने स्थानमा केही चढाई सहितको घुम्ती रहेको र तिव्र गतिमा रहेको कारण मोडमा चालकले बसलाई नियन्त्रण गर्न नसकी बस दाहिने तर्फ भिरबाट अन्दाजी ३०० मिटर तल खसि दुर्घटना हुन गएको देखिन्छ ।

## २.१७ सुझावहरु:

अब उप्रान्त यस किसिमका दुर्घटनाहरु हुन नदिनको लागी यस छानविन समितिले छानबिनका क्रममा बुझिएका तथ्यहरुको आधारमा निम्न सुझावहरु प्रस्तुत गरेको छ।

१ No Overspeed, No Overtake, No Overload, No D n D principles को कडाईका साथ पालना गर्ने।

२ सडकको भौतिक अवस्थामा तत्काल सुधार गर्नुपर्ने।

३ साघुँरो सडकको छेउमा बार तथा पर्खाल लगाउनु पर्ने।

४ दुर्घटनाग्रस्त सडक खण्डमा ट्राफिक संकेतहरु राख्नु पर्ने।

५ सडकको दुबै साइडमा CARTS EYE बत्तिहरु राख्नुपर्ने।

६ सडकसँग सरोकार राख्ने सबै निकायहरुले दुर्घटना न्युनिकरणको लागी आवश्यक पहल गर्नुपर्ने।

७ प्रत्येक जिल्लाको सदरमुकाममा कम्तिमा एकवटा गाडीको मेकानिकल चेकजाँच गर्ने कार्यालय हुनुपर्ने र लामो रुटमा जानु पुर्व अनिवार्य रुपमा सो कार्यालयवाट सवारीको मेकानिकल जाँच हुने व्यवस्था हुनु पर्ने।

८ चालकको शारीरिक र मानसिक चेकजाँच प्रणालीलाई कानुन बनाई नियमित र प्रभावकारी रुपमा लागु गरिनुपर्ने।

९ एक पटक दुर्घटना गराएको चालकलाई दुर्घटनाको प्रकृति अनुसार निश्चित समयसम्म सवारी चलाउन कानुनी रुपमै प्रतिबन्ध लगाउनु पर्ने।

## २.१७ सुझावहरुः

अब उप्रान्त यस किसिमका दुर्घटनाहरु हुन नदिनको लागी यस छानविन समितिले छानबिनका क्रममा बुझिएका तथ्यहरुको आधारमा निम्न सुझावहरु प्रस्तुत गरेको छ।

१ No Overspeed, No Overtake, No Overload, No D n D principles को कडांईका साथ पालना गर्ने।

२ सडकको भौतिक अवस्थामा तत्काल सुधार गर्नुपर्ने।

३ साघुँरो सडकको छेउमा बार तथा पर्खाल लगाउनु पर्ने।

४ दुर्घटनाग्रस्त सडक खण्डमा ट्राफिक संकेतहरु राख्नु पर्ने।

५ सडकको दुबै साइडमा CARTS EYE बत्तिहरु राख्नुपर्ने।

६ सडकसँग सरोकार राख्ने सबै निकायहरुले दुर्घटना न्युनिकरणको लागी आवश्यक पहल गर्नुपर्ने।

७ प्रत्येक जिल्लाको सदरमुकाममा कम्तिमा एकवटा गाडीको मेकानिकल चेकजाँच गर्ने कार्यालय हुनुपर्ने र लामो रुटमा जानु पुर्व अनिवार्य रुपमा सो कार्यालयवाट सवारीको मेकानिकल जाँच हुने व्यवस्था हुनु पर्ने।

८ चालकको शारीरिक र मानसिक चेकजाँच प्रणालीलाई कानुन बनाई नियमित र प्रभाबकारी रुपमा लागु गरिनुपर्ने।

९ एक पटक दुर्घटना गराएको चालकलाई दुर्घटनाको प्रकृति अनुसार निश्चित समयसम्म सवारी चलाउन कानुनी रुपमै प्रतिबन्ध लगाउनु पर्ने।

१० चालकले मोवाइल साथमा राख्न प्रतिवन्ध गर्ने आवश्यक परे सहचालकबाट सूचना लिने दिने गर्ने।

११ चालक सहचालक र सवारीधनीलाइ समय समयमा सचेतना अभिवृद्धि तालिम सञ्चालन गर्ने।

१२ चालकको वरिपरि गफ नगर्ने र ६० बर्ष नपुगेका महिला नराख्ने।

१३ संभाब्य जोखिम स्थानमा सबैले देख्ने बुझ्ने गरि ठूलो आकारमा चेतनामूलक चिन्ह राख्ने ब्यवस्था गर्ने।

१४ गाडीको नियमित मर्मत गरे नगरेको ट्राफिक कार्यालयले रेकर्ड राख्न लगाइ चेकजाँच गर्ने।

१५ तिखा मोडहरुमा सडक वृद्धि तथा बिस्तार गर्ने

१६ सडकमा फोहोर नफाली व्यवस्थित र सफा राख्ने

१७ चप्पल लगाएर सवारी नचलाउने ।

